१. मिति २०७८/०४/२६ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२. अर्जुनधारा नगरपालिका भएर वहने नदीहरुबाट नदीजन्य सामाग्री उत्खनन तथा विक्रीका लागि मिति २०७८/०४/२६ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार मिति २०७८/०४/२७ गते कार्यालयबाट शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएकोमा उक्त सूचनामा देहायका विषयहरु थप गरी संशोधनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

   **क.** बिरिङ्ग साधुटार खण्डको १०५०० घ.मी. परिमाण तथा सो परिमाण अनुसार हुन आउने रकम थप गर्ने ,

   **ख.** अर्जुनधारा नगरपालिका र बुद्धशान्ति गाउँपालिकाको सिमानामा पर्ने बिरिङ्ग खोलाको नदीजन्य सामाग्री उत्खनन तथा विक्रीका लागि एकमुष्ठ ठेक्का बन्दोवस्त हुन बुद्धशान्ति गाउँपालिका, झापाबाट सहमति प्राप्त भएकाले सो परिमाण समेत थप गर्ने ,

   **ग.** टाङटिङ प्याकेज १ को आइ.इ.इ. को अद्यावधिक प्रतिवेदनमा गत आर्थिक वर्षमा आइ.इ.इ. प्रतिवेदनबाट उत्खनन गर्न सकिने गरी तोकिएको परिमाणमा थप भई आएको परिमाणको पुनः आइइइ गर्नुपर्ने भनी पेश भएकोमा उल्लेखित परिमाणमा थपघट नहुने गरी आइइइ गर्ने र सो परिमाण हालको नदीजन्य सामाग्रीको ठेक्कामा समावेश गर्ने ।

३. अर्जुनधारा नगरपालिका वडा नं १ मा पर्ने बिरिङ्ग खोलाको जयपुर सिस्ने खण्डको निर्माणाधिन पुल देखि दक्षिण भेग तथा अर्जुनधारा नगरपालिका वडा नं ५ डिएमसी उत्तर बिरिङ्ग खोलामा अत्याधिक मात्रामा नदीजन्य सामाग्री सञ्चित भएर बसेको हुनाले उक्त पुल संरक्षण गर्नका लागि उक्त क्षेत्रको नदीजन्य सामाग्री उत्खनन गर्नुपर्ने देखिएकाले लागि चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि र मापदण्ड, २०७६ को दफा ३ को उपदफा (१) बमोजिम उत्खनन सहमतिका लागि जिल्ला अनुगमन तथा समन्वय समिति, झापामा अनुरोध गर्ने निर्णय गरियो ।

४. अर्जुनधारा नगरपालिका भित्र पर्ने चुरे क्षेत्रबाट नदीजन्य सामाग्री उत्खनन स्थलका केही खण्ड राष्ट्रपति चुरे- मधेश संरक्षण क्षेत्र अन्तर्गत पर्ने भएको र चुरे क्षेत्रमा विकास निर्माण गर्न अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड, २०७७ को परिच्छेद २ को दफा ५ को उपदफा (२) को व्यवस्था अनुसार ती नदी प्रणालीबाट नदीजन्य पदार्थ व्यवसायिक रुपमा उत्खनन गरी विक्री व्यवस्था मार्फत तीनै तहका सरकारको राजश्व व्यवस्थापन गर्न राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट सहमति माग गर्ने निर्णय गरियो ।

५. चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक बजेट नीति तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा चालु आर्थिक वर्षमा सञ्चालन गरिने आयोजनाहरु समयमै सम्पन्न गर्ने स्वीकृति नीति कार्यान्वयनका लागि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरु सञ्चालनका लागि २०७८ भाद्र मसान्त भित्र सबै वडा कार्यालयहरुले उपभोक्ता समिति गठन गरि सक्ने र उक्त अवधिमा उपभोक्ता समिति गठन हुन नसकेमा ठेक्का प्रक्रिया मार्फत कार्यान्वयनमा लैजाने निर्णय गरियो ।